मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह: एम.एड. / तेस्रो सेमेस्टर

समय: ३ घण्टा

पूर्णाङ्क: ६०

उत्तीर्णाङ्क: ३०

विषय: आधुनिक नाटक, एकाङ्की र निबन्ध (नेपा.शि.५३३)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ ।*

## समूह 'ख' — ६×५ = ३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. पूर्वीय र पाश्चात्य मान्यताका आधारमा नाटक विधाको पात्र विधानलाई चर्चा गर्नुहोस् ।

२ विषयवस्तु र उद्देश्यका आधारमा 'हामी वसन्त खोजिरहेछौं' एकाङ्कीको समीक्षा गर्नुहोस् ।

३. नेपालको इतिहासले कुन कुरा भुल्न थालेको छ ? 'इतिहासको पदचाप' निबन्धका आधारमा प्रष्ट पार्नुहोस् ।

अथवा

"एब्स्ट्रयाक्ट चिन्तन प्याज' निबन्धले कुन कुन कुरालाई प्याजसँग तुलना गरेको छ उल्लेख गर्नुहोस् ।

४. मिथकीय प्रयोगका आधारमा 'वरुणको रगत' निबन्धको विवेचना गर्नुहोस् ।

५. मञ्चनीयता र परिवेशका आधारमा 'प्रेमपिण्ड' नाटकको समीक्षा गर्नुहोस् ।

६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

"युरेनसका वंशजहरू अहिले पार्टीको घोषणा पत्र लिएर तँ छाड म छाड गर्दै जनता फुक्याउने होडमा लागिरहेका छन्" ।

अथवा

'मरुभूमिका लेखक' एकाङ्कीको भावले स्रष्टा हृदयलाई मारेको छ' भन्ने कथनमाथि तर्क र उदाहरणका साथ चर्चा गर्नुहोस् ।

## समूह 'ग' — २×१० = २०

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

७. नाटककार गोपालप्रसाद रिमालका नाट्यप्रवृत्तिको चर्चा गर्दै द्वन्द्व विधानका आधारमा यो 'प्रेम नाटक'को विवेचना गर्नुहोस् ।

८. कलङ्कित सोच राख्नेहरू पत्थर बनेकै ठीक छ भन्ने कथनमा सहमति वा असहमति राख्दै 'पत्थरको कथा' एकाङ्कीको विषयवस्तुको आधारमा तर्कपूर्ण विचार प्रस्तुत गर्नुहोस् ।

अथवा

आधुनिक नेपाली निबन्धका विभिन्न चरण र तिनका प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

समाप्त